निर्णय नं. १

मिति २०८२-२-३० को वैठकवाट भएका निर्णयहरुको समिक्षात्मक छलफल गरियो ।

निर्णय नं. २

आ.व. २०८२/२०८३ को बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा नगरपालिकामा प्राप्त हुने आय तथा व्यय माथी छलफल गर्दा चालु आ.व. ०८१/०८२ बाट २०८२/२०८३ मा सर्ने दायित्व रकम समेत निम्नानुसार हुने तय गरियो ।

आय तर्फ

| | |
|---|---|
| सङ्घीय सरकार सशर्त अनुदान | रु ५१,२२,००,०००।- |
| सङ्घीय सरकार सडक वोर्ड | रु ६०,००,०००।- |
| सङ्घीय सरकार समपुरक अनुदान | रु ५२,००,०००।- |
| सङ्घीय सरकार विशेष अनुदान | रु १,६५,००,०००।- |
| सङ्घीय सरकार समानीकरण अनुदान | रु १२,८५,००,०००।- |
| प्रदेश सरकार समानीकरण अनुदान | रु १,२१,७०,०००।- |
| सङ्घीय सरकार राजश्व वाडफाड | रु ९,७४,५७,८८८।- |
| प्रदेश सरकार राजश्व वाडफाड | रु ७६,९२,०००।— |
| प्रदेश सरकार समपुरक अनुदान | रु ८०००००० ।— |
| प्रदेश सरकार सशर्त अनुदान | रु ८६१६००० ।— |
| घरजग्गा रजिष्ट्रेशनवाट प्राप्त हुने | रु ६०,००,०००।- |
| आन्तरिक आय | रु ८,०९,३५,७७२/- |
| जम्मा | रु ८५,३५,१९,८८८।- |

**व्यय तर्फ**

| | |
|---|---|
| चालु आ.व. को दायित्व आगामी आ.व. का लागि | रु ८५००००००।- |
| अनिवार्य गर्नुपर्ने कामका लागि | रु २४२१२२०००।- |
| वडा सिलिङ्ग | रु ४,३५,००,०००।- |
| कार्यपालिका सदस्य योजना | रु १६,००,०००।- |
| नगरस्तरीय योजनाका लागि | रु १७५००००००।— |
| प्रशासनीक खर्च | रु १७,५०,००,००० ।- |
| जम्मा | |

निर्णय नं. ३

धनकुटा नगरपालिकाको सोहौं नगरसभाका अवसरमा नगरक्षेत्रभित्रका तपसीलमा उल्लेखित विषय क्षेत्रमा उल्लेखनिय कार्य गर्ने व्यक्तिहरुलाई पुरस्कृत गर्न संस्था,व्यक्ति छनौट गर्न निम्नानुसारको समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निम्न</u>**

संयोजक- श्री  चिन्तन तामाङ्ग  प्रमुख

सदस्य-  श्री भिमादेवी खनाल   उपप्रमुख

सदस्य-  श्री दशरथ राई    प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिव-श्री सीताराम गौतम पंरशासन,योजना तथा अनुगमन अधिकृत

<u>पुरस्कृत गरिने विषय क्षेत्रहरु</u>

उत्कृष्ट कार्य गर्ने सहकारी १

उत्कृष्ट कार्य गर्ने कृषक ४ (पशुपालन, क्षेत्र खाधान्न वाली, फलफुल खेती, तरकारी )

उत्कृष्ट कार्य गर्ने उधमी  १

उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता  १

उत्कृष्ट कार्य सम्पादन गर्ने टोल विकास संस्था  २

उत्कृष्ट करदाता  १

उत्कृष्ट कार्य सम्पादन गर्ने वडा कार्यालयका सहायक कर्मचारी  १

उत्कृष्ट कार्य सम्पादन गर्ने वडा सचिव  १

उत्कृष्ट कार्य सम्पादन गर्ने नगरकार्यपालिकाका कर्मचारी २

उत्कृष्ट कार्य सम्पादन गर्ने कार्यालय सहयोगी  १

उत्कृष्ट कार्य सम्पादन गर्ने सरसफाईकर्मी  १

उत्कृष्ट कार्य सम्पादन गर्ने नगरप्रहरी  १

<u>निर्णय नं ४</u>

आर्थिक वर्ष २०८२/२०८३ का लागि वडागत बजेट सिलिङ्ग र योजना तर्जुमा मार्गदर्शन निम्नानुसार स्वीकृत गरी वडालाई उपलब्ध गराउने निर्णय गरियो ।

**<u>आ.व. २०८२/८३ को योजना तर्जुमा सम्वन्धी मार्गदर्शन</u>**

वडास्तरीय बार्षिक बजेट तथा योजना तर्जुमा गर्दा तपसिल बमोजिम क्षेत्र र उपक्षेत्रहरू छुट्याई योजना तथा कार्यक्रम निर्धारण गर्नु पर्नेछ । बार्षिक योजना तथा कार्यक्रमहरू छनौट गर्दा स्पष्ट खुल्ने गरी कहाँ, के, कति, कस्का लागि, कहिले छट्निे गरी गाउँ टोलस्तरबाट छनौट गरी वडा समिति हुँदै वडा सभाबाट पारित गरेर नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।योजना तर्जुमाका क्षेत्रहरू निम्नानुसार रहने छन् ।

| क्षेत्र | उप-क्षेत्र |
|---|---|
| आर्थिक विकास | कृषि, उद्योग,पर्यटन, सहकारी, वित्तीय क्षेत्र, जलश्रोत तथा सिँचाइ,पशुपन्छी विकास, आपूर्ति, श्रम तथा रोजगारी, गरिबी निवारण |
| सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| पूर्वाधार विकास | यातायात पूर्वाधार, भवन, आवास तथा सहरी विकास, उर्जा, पुननिर्माण, सम्पदा पूर्वाधार, सूचना तथा संचार, जल विद्युत |

| | |
|---|---|
| सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | मानव संशाधन विकास, स्थानीय योजना तथा तथ्यांक प्रणाली,प्रशासकीय सुशासन,कानुन तथान्याय,शान्ति तथा सुव्यवस्था,संस्थागत क्षमता विकास |
| वन तथा वातावरण | वनतथा भुसंरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, विपद् जोखिम न्युनीकरण, जल उत्पन्न प्रकोप नियन्त्रण |

१. जनसहभागिता जुटाउनु पर्ने योजना/कार्यक्रमहरूमा जनसहभागिता बार्षिक योजनाहरु तथा कार्यक्रमहरु छनौट गर्दा स्पष्ट खुल्ने गरी कहाँ, के, कति, कस्का लागि, कहिले हो सो छुट्टिने गरी गाउँ टोल स्तरबाट छनौट गरी वडा समिति हुँदै वडा सभाबाट पारित गरेर नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । संलग्न अनुसूची १ बमोजिम वडा समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण पठाउँदा "योजनाको नाम" महलमा उक्त योजना अन्तर्गत के काम गर्ने भनी स्पष्ट किटान गरी पठाउनु हुन ।साथै जनसहभागिता वापत जुटाउन पर्ने रकम अनिवार्य उल्लेख गरिदिनु हुन ।

(रकम हजारमा)

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रकम | ५० | ४५ | ४० | ४० | ४० | ४५ | ४५ | ४५ | ४५ | ४० |
| सन्चालन तथा विविध खर्च | ४६८ | ३७२ | ३७२ | ३७२ | ३७२ | ३७२ | ४३८ | ३७२ | ३७२ | ३७२ |

नोट कार्यपालिका सदस्य सिफारिस येजनाका लागि प्रति सदस्य रु २ लाख सिलिङ्ग तय भएको छ ।

१. वडास्तरका वडा कार्यालय संचालनका लागि कार्यालय संचालन तथा मसलन्द र विविध खर्च हुनेछ ।
२. उल्लेखित बजेटबाट संचालन गरिने भौतिक पूर्वाधारतर्फ सकेसम्म कम्तिमा १ वटा वडाको गौरवको योजना छनौट गरी कम्तीमा ५ लाख विनियोजन गर्नुपर्ने छ । अन्य भौतिक निर्माण तर्फका योजनाहरू कम्तिमा १ लाख भन्दा कम लगानी नहुने गरी छनौट गर्नुपर्ने छ ।वडा स्वास्थ्य सस्था सञ्चालनका लागि कम्तीमा १ लाख सहभागीता रकम विनियोजन गर्नु पर्ने छ ।
३. तोकिएको समय भित्र २ नम्बरमा उल्लेख भएका क्षेत्र अनुसार बजेट र कार्यक्रम तयार गरी प्रिन्ट कपि र इलेक्ट्रोनिक कपि २०८२/३/६ गते भित्रमा प्रशासन योजना तथा अनुगमन शाखामा अनिवार्य रूपमा बझाउनु पर्ने छ ।
४. लक्षित तथा अन्य सामाजिक विकास अन्तर्गतका कार्यक्रमहरूको हकमा ५० हजार भन्दा कम नहुने गरी कार्यक्रम छनौट गर्नुपर्ने छ ।
५. सडक सम्बन्धी योजनाहरू भएमा नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा सडक स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ
६. दुइ वा दुइ भन्दा बढी वडाहरू जोड्ने सडक संजाल, खानेपानी जस्ता अत्यावश्यक पूर्वाधारहरू विस्तार गर्नु पर्ने भएमा २ वा २ भन्दा बढी वडाहरूको संयुक्त बजेट विनियोजन गरी सार्वजनिक खरिदका प्रक्रियाबाट निर्माण गर्न सकिनेछ ।
७. वडास्तरीय बजेटबाट कार्यालय संचालन तथा विविध खर्च जस्ता कार्यालय प्रयोजनका लागि खर्च गर्न पाईने छैन ।
८. कार्यपालिका सदस्यको सिफारिसमा सञ्चालन हुने योजना समेत वडावाट सिफारिस हुनुपर्ने छ ।
९. योजना प्रथमिकीकरण गर्दा निम्न आधार लिनु पर्ने छ ।
१०.१ बाँझो रहेको जग्गामा खेती गर्ने, कृषि उत्पादन तथा उत्पादकत्व बढाउने, स्थानीय रोजगार सिर्जना हुने, स्थानीय स्रोत तथा साधनहरूको प्रयोग हुने, पशुपन्छी पालनमा बढावा दिने योजना,

१०.२ राजस्व अभिवृद्धिमा सहयोग पुऱ्याउने योजना,
१०.३ सेवाप्रवाह र सुशासन कायम गर्न सहयोग पुऱ्याउने योजना,
१०.४ शैक्षिक विकासमा योगदान दिने र निरक्षता उन्मुलन हुने योजना,
१०.५ दीगो विकास, वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजना,
१०.६ फोहरमैला व्यवस्थापन गर्ने योजना,
१०.७ आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
१०.८ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
१०.९ जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
१०.१० स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
१०.११ स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
१०.१२ महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
१०.१२ लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
१०.१३ दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
१०.१४ पर्यटन भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
१०.१५ वडाले आवश्यक देखेका अन्य बिषयहरू,
१०.१६ प्राकृतिक प्रकोप तथा प्रकोप जन्य दुर्घटनाहरूलाई मध्यनजर गर्दै सबै वडाहरूले आ-आफ्नो वडा भित्रका सडक खुलाउने, सरसफाइ गर्ने, पहिरो पन्छाउने जस्ता सानातिना मर्मत संभारका कार्यहरूमा प्राथमिकता दिनु पर्नेछ,
१०.१७ सर्वसाधारण नागरिकको जिवन सुरक्षा, खाद्यान्न तथा आवास सुरक्षाका लागि त्रिपाल वितरण जस्ता कार्यहरूलाई समेत अनिवार्य रूपमा बजेट व्यवस्था गर्ने,
१०.१८ आ-आफ्नो बजेट सिलिङ्गभित्रका योजना तथा नगर स्तरीय कार्यक्रममा समावेश गर्न सिफारिस गरिएका योजनाहरूको ढाँचा अनुसुचि १ मा उल्लेख गरिएको छ।

धनकुटा नगरपालिका

वडा समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण

वडा नं .:

वजेट सिलिङ्ग रु.

| क्रसं. | विषयगत क्षेत्र | योजनाको नाम | नयाँ ,क्रमागत मर्मत सम्भार | प्राथमिकता क्रम | अनुमानित लागत र सो को प्रस्तावित स्रोत | | | | लाभान्वित घरधुरी | | | | | | लैगिंक लाभान्वित | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडा स्तर | नगरस्तर | जन सहभागिता | जम्मा | दलित | आदिवासी | जनजाती | पिछडिएको वर्ग | अन्य | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | |

नोटः -माथि उल्लेखित विवरणहरु सम्वन्धित क्षेत्रका पदाधिकारी वा सदस्यहरुसंग छलफल गरी स्वीकृत भएको आधारमा तयार पारिएको हो । उल्लेखित योगदानमा म र हामी प्रतिवद्धता जाहेर गर्दछौं ।

नामः पद सस्था हस्ताक्षर मिति

## निर्णय नं ५

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण कायम गरिदिन प्राप्त निवेदनका सम्बन्धमा मिति २०८२/०३/०३ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को दफा ४ को उपदफा ४ अनुसार देहाय बमोजिम भू-उपयोग वर्गीकरण कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | अवस्था | कायम गर्नुपर्ने ब्यहोरा |
|---|---|---|---|---|---|---|---|
| १ | गिता थापा | धनकुटा न.पा. १० | निगाले | १४९९ | २-०-०-० | छुट | आवासीय |
| २ | सर्मिला डंगोल | धनकुटा न.पा. ७ | चुलिबन-५ | २३६ | ०-१४-२-० | छुट | ब्यावसायिक |

## निर्णय नं ६

धनकुटा नगरकार्यपालिकाको मिति २०८१/१२/३१ गतेको वैठकवाट स्वीकृत भएको नगरगानलाई स्वर संगीत भरेर तयार पारीएकोले (नगरकार्यपालिकावाट अर्को नगरगान स्वीकृत नभए सम्मका लागि) स्वीकृत गरी सार्वजनीक (वेभ साईट, फेसवुक पेज लगायत सञ्चार माध्यमवाट) गर्ने र धनकुटा नगरपालिका क्षेत्रभित्रका सवै विधालयलाई उपलव्ध गराउने निर्णय गरियो ।